## सूचना २

श्री ५ को सरकारले नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १८ को उपदफा (१) अनुसार नेपाल राष्ट्र बैङ्कले निम्नबमोजिमको ढाँचा तथा आकार प्रकारको रू.५।– (पाँच) दरको नेपाली नोट २०४४ साल कार्तिक १ गते चलन चल्तीमा ल्याउन नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १८ को उपदफा (५) र (६) बमोजिम स्वीकृति दिइएकोले, सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

नोटको दरः– रूपैयाँ पाँच

नोटको आकार प्रकार निम्नबमोजिम छः–

१. नोटको लम्बाइः– १२१ मि.मि.
२. नोटको चौडाइः– ७० मि.मि.
३. कागजः– शतप्रतिशत न्याग माउल्ड
४. मुख्य रङ्गः– हल्का रातो
५. सुरक्षणको लागि कागजभित्र धातुको धागो राखिएको छ ।
६. नोटको बोर्डर रङ्गीन रहेको छ ।

नोटको अग्रभाग :

(क) नोटको बायाँपट्टि श्री ५ महाराजाधिराज सरकार दाहिनेतर्फ नजर होइबक्सेको राजकीय पोशाकसहित श्रीपेच पहिरिबक्सेको आवक्ष चित्र अंकित छ ।

(ख) नोटको मध्य भागमा तलेजु भवानीको मन्दिरको चित्र अंकित छ ।

(ग) नोटको दायाँ भागमा श्रीपेचको पानी चित्र र त्यसको माथिपट्टि मुद्राको अल्पाकार छापिएको छ । मुद्राको अल्पाकार चित्रको दायाँ कुनामा अंग्रेजी अङ्कमा 5 छापिएको छ ।

(घ) नोटको बीचको माथिल्लो भागमा "श्री नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दमुनि "श्री ५ को सरकारको जमानत प्राप्त यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैङ्कबाट रूपैयाँ ५" र तलेजु मन्दिरको तल "रूपैयाँ पाँच तुरुन्त पाइनेछ" भन्ने शब्दहरू छापिएका छन् । त्यसभन्दा तल नेपाल राष्ट्र बैङ्कका गभर्नर श्री गणेशबहादुर थापाको दस्तखत छापिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४०४

(ङ) नोटको बायाँतर्फ माथिल्लो कुनामा नेपाली अङ्कमा ५ छापिएको र नोटको तल्लो भागको दायाँ र बायाँ कुनामा नोटको क्रमिक साङ्केतिक अक्षर र अङ्क सहितको नम्बर राखिएको छ ।

यस नोटको क्रमिक नम्बर $\frac{\text{ख}}{११}$ ०००००१ देखि शुरू भएको छ ।

नोटको पृष्ठभागः

(क) नोटको मध्य भागमा धवलागिरिको पृष्ठभूमिमा तल भालेपोथी याकको जोडीको चित्र अङ्कित छ ।

(ख) नोटको बायाँतर्फ पानी चित्रको माथि नेपाल राष्ट्र बैङ्कको चिन्ह छापिएको छ ।

(ग) नोटको दायाँतर्फ माथिपट्टि नेपालको निशाना छाप अङ्कित छ ।

(घ) नोटको तल्लोपट्टि बायाँ कुनामा नेपाली अङ्क ५ र दायाँपट्टि कुनामा अंग्रेजी अङ्क 5 छापिएको छ । तल्लो भागको बायाँपट्टि रूपैयाँ पाँच र दायाँपट्टि "RUPEES FIVE" छापिएको छ ।

द्रष्टव्यः यसभन्दा पहिले चलन चल्तीमा रहेको रू. ५।– दरको नोटहरू यथावत कानूनग्राह्य रहनेछन् र यो नयाँ ढाँचाको रू. ५।– दरको नोटहरू सँगसँगै चलन चल्तीमा रहनेछन् ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८